ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

# विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको आधार

महेन्द्रकुमार मल्ल (पीएच.डी.)
mkmalla.2026@gmail.com

## लेखसार

उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती'उपन्यास रचनाको आधार के हो भन्ने जिज्ञासालाई प्रस्तुत आलेखले समन गर्ने उद्देश्य राखेको छ । कोइराला नेपाली उपन्यास परम्पराका महत्त्वपूर्ण उपन्यासकार हुन् । उनले नेपाली उपन्यास परम्परामा यौनमनोविश्लेषण, विसङ्गतिवाद, अस्तित्ववाद र मिथकको जीवन्त प्रयोग गरेका छन् । उनको यसै योगदानलाई प्रकाशित गर्न र 'तीन घुम्ती' उपन्यासको रचनाको आधार पहिल्याउनलाई यो अध्ययन अघि बढाइएको हो । यसमा उनका उपन्यासहरूमा प्रयुक्त कथ्य र शिल्पको खोजी गर्दै प्रवृत्तिहरू केलाइएको छ । त्यसै गरी 'तीन घुम्ती' उपन्यासको विषयवस्तुको खोजी गर्दै त्यसको रचनाको दार्शनिक आधार पहिल्याएको छ । त्यस क्रममा पुस्तकालयीय पद्धतिवाट सम्बन्धित सामग्रीहरूको सङ्कलन गर्दै, पूर्व कार्यहरुको खोजी गर्दै तिनको क्रमबद्ध र व्यवस्थित अध्ययन गरिएको छ । अध्ययनमा वर्णनात्मक र विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । उपान्यासकार कोइरालाले आफ्ना उपन्यासहरूमा फ्रायडीयन यौनमनोविश्लेषण गरेका छन् । सिग्मन्ड फ्रायडको अचेतन मनको प्रभावशालीताको मान्यताबाट उनका उपन्यासका पात्रहरू डोरिएका छन् । उनका उपन्यासहरूले जीवनको विसङ्गति र आतित्वको खोजी गरेका छन् । विचारको प्राबल्य उनको उपन्यासको विशिष्टता हो । कुनै न कुनै दर्शनलाई स्थापित गर्न उनका उपन्यासहरू उद्यत भएका हुन्छन् । वर्तमानलाई उद्भासित गर्न उनले मिथकीय सन्दर्भहरू उपयोग गरेका छन् । उनले उपन्यासमार्फत हिंसाको विरोध गर्दै शान्ति र मानवताको वकालत गरेका छन् । त्यसैले उनी मनोविश्लेषणवादी, विसङ्गतिवादी, अस्तित्ववादी, शान्तिकामी र मानवतावादी उपन्यासकार हुन । त्यसै गरी द्वन्द्वको प्रबलता, कथानकको क्षीणता, सङ्क्षिप्तता र भाषाको प्रयोगमा तार्किकता उनका थप औपन्यासिक विशेषताहरू हुन् । उनको 'तीन घुम्ती'उपन्यासले प्रमुख पात्र इन्द्रमायामार्फत यौनमनोविश्लेषण र अस्तित्ववादी जीवन दर्शनलाई प्रक्षेपित गरेको छ । त्यसैले प्रस्तुत उपन्यास रचनाको मूल आधार सार्त्रेली अस्तित्ववाद र फ्रायडीयन मनोविश्लेषणवाद हो ।

**शब्दकुञ्जी :** मनोविश्लेषणवाद, अचेतन, विसङ्गतिवाद, अस्तित्ववाद, मिथकीय, रतिरागात्मकता, परिवर्धन

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

## परिचय

विश्वेश्वरप्रसाद कोइराला (वि.सं. १९७१–वि.सं. २०३९) नेपाली साहित्यका स्वनामधन्य उपन्यासकार हुन् । प्रस्तुत लेखमा कोइरालाका औपन्यासिक प्रवृत्तिहरूको खोजी गरिएको छ । यसका साथै उनको 'तीन घुम्ती' उपन्यास रचनाको आधारभूमि पहिल्याउने प्रयत्न गरिएको छ । यिनै उद्देश्यमा लेखलाई केन्द्रित गरिएको छ । पात्रका अन्तरवृत्तिहरूलाई खोतल्दै त्यसको सूक्ष्म विश्लेषण गर्ने कोइरालाको औपन्यासिक कला बेजोड रहेको छ । उनी मूलभूत रूपमा मनोवैज्ञानिक सिग्मण्ड फ्रायडको मनोविश्लेषणको सिद्धान्त र जाँ पाल सार्त्रको अस्तित्ववादी सिद्धान्तलाई औपन्यासिक स्वरूप प्रदान गर्ने कुशल उपन्यासकार हुन् । उनले नेपाली उपन्यास परम्परामा गोविन्दबहादुर मल्ल गोठाले, विजय मल्ल, पारिजात आदिले प्रारम्भ गरेको औपन्यासिक धारलाई मात्रात्मक र गुणात्मक दुबै दृष्टिले विकसित गर्ने महनीय कार्य गरे । प्रत्येक पछिल्लो युगमा नवीन चेतना अङ्कुराउने गर्दछ र त्यसले विस्तारै विश्वव्यापी प्रसार पाउने गर्दछ । त्यस्ता नवीनतम चेतनाबाट अनुप्राणित नहुने समाजले आधुनिकीकरण र युगान्तरणको अनुभूति गर्नै पाउँदैन । कोइरालाले पश्चिमी आधुनिक चेतनालाई नेपाली उपन्यासमा प्रयोग गरेर आख्यान साहित्यको श्रीवृद्धिमा उल्लेखनीय योगदान दिए । उनले आफ्ना 'तीन घुम्ती' (२०२५), 'सुम्निमा' (२०२५), 'नरेन्द्र दाइ' (२०२७), 'मोदिआइन' (२०३६), 'हिटलर र यहुदी' (२०४०) र 'बाबु, आमा र छोरा' (२०४५) उपन्यासहरूमा प्रयोग गरेको शिल्पलाई अध्ययन गरी प्रकाशित गर्नु आवश्यक छ । तिनका प्रवृत्तिहरू केलाउनु आवश्यक छ । त्यसै गरी उनको 'तीन घुम्ती' उपन्यासरचनाको आधार के हो भनी खोजी गर्नु पनि आवश्यक रहेको छ । त्यसैकारण यस अनुसन्धानलाई अघि बढाइएको हो । अतः कोइरालाका औपन्यासिक प्रवृत्तिहरूलाई उनका छ ओटा उपन्यासहरूको प्रयोग वैशिष्ट्यका आधारमा पहिल्याउने काम यसमा गरिएको छ । उनका औपन्यासिक विषयवस्तुको स्रोत वा आधार के हो ? उनले कुन दार्शनिक धरातलमा रहेर उपन्यास रचना गर्दछन् ? उनको शैलीशिल्प के कस्तो रहेको छ ? उनले प्रवाहित गर्न खोजेको सन्देश के हो ? उनको भाषिक प्रयोग के कस्तो छ ? आदि विविध सन्दर्भहरूको विश्लेषण गर्दै कोइरालाका औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती'उपन्यासको संरचनात्मक आधार पहिल्याइएको छ । प्रस्तुत लेख यसै विषयमा केन्द्रित रहेको छ ।

विश्वेश्वरप्रसाद कोइराला नेपाली उपन्यास परम्पराका एक स्थापित उल्लेखनीय उपन्यासकार हुन् । उनले मात्रात्मक र गुणात्मक दुबै दृष्टिले नेपाली उपन्यास परम्परालाई उत्कृष्ट उपन्यासहरू दिएका छन् । उनका औपन्यासिक विशिष्टता र रचनाशिल्प के हुन् ? यस विषयमा खोज अनुसन्धानको खाँचो रहेको छ । त्यसैले उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिहरू के के हुन् ?

उनको 'तीन घुम्ती' उपन्यास रचनाको आधार के हो ? भन्ने समस्या नै प्रस्तुत अनुसन्धानका समस्याहरू हुन् ।

## उद्देश्य

विश्वेश्वरप्रसाद कोइराला नेपाली आख्यान साहित्यको चर्चित नाम हो । उनले आधा दर्जन उपन्यासमार्फत नेपाली उपन्यास परम्परालाई उजिल्याएका छन् । उनका रचनाहरूको यथोचित अध्ययन गरी उनको योगदानको कदर गर्नु आवश्यक छ । अतः उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिहरू केलाउनु र 'तीन घुम्ती' उपन्यासरचनाको आधार पहिल्याउनु नै प्रस्तुत अनुसन्धानका उद्देश्यहरू हुन् ।

## अध्ययनविधि

अनुसन्धानको समस्याको निष्कर्षमा पुग्नका लागि उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका छ ओटा उपन्यासहरूको सङ्कलन गरी तिनका विशिष्टताहरूको खोजी गरिएको छ । यो सामग्री सङ्कलनको प्राथमिक स्रोतका रूपमा रहेको छ । त्यसै गरी सैद्धान्तिक र शिल्प पक्ष उल्लेख भएका र उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको बारेमा समीक्षात्मक टिप्पणी गरिएका पुस्तक, ग्रन्थ, शोधप्रबन्ध तथा लेखहरूका माध्यमबाट उनको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यास रचनाको आधारको खोजी गरिएको छ । यी सामग्री सङ्कलनका द्वितीयक स्रोतका रूपमा रहेका छन् । पुस्तकालय, प्रकाशनगृह र पुस्तकपसलबाट सामग्रीहरूको सङ्कलन गरिएको हुँदा सामग्री सङ्कलनमा पुस्तकलयीय पद्धतिको अवलम्बन गरिएको छ । अनुसन्धानका लागि सङ्कलित सामगीहरूको क्रमबद्ध र व्यवस्थित अध्ययन गरिएको छ । प्राप्त सामग्रीहरूको वर्णन र विश्लेषण गर्दै सत्यापनमा पुगिएको छ । यस क्रममा वर्णनात्मक विश्लेषणात्मक अनुसन्धानविधि अर्थात् गुणात्मक अनुसन्धानविधिको उपयोग गरिएको छ ।

## सैद्धान्तिक पर्याधार

सिग्मण्ड फ्रायडले रहस्यमय मानिने मनको स्थितिलाई व्याख्या गरेर देखाए । उनले मानव मनलाई तीन तहमा बाँडेका छन् । चेतन, अवचेतन र अचेतन (ब्राउन, १९४०, पृ. १६५) । चेतन मन भनेको ज्ञानले भरिएको जान्ने सुन्ने मन हो । यसले के ठिक के बेठिक छुट्याउन सक्छ । यो मनले अहंसँग सम्बन्ध राख्दछ । यसले दैनिक जीवनको संवेदना, भोगाइ र विचारहरूबाट अनुभवहरू बटुल्छ । तिनलाई अवचेतन, अचेतन मनतर्फ पठाउने काम गर्दछ । ती अवचेतनमा स्मृतिका रूपमा सङ्गृहीत भएर बस्दछ (घर्ती, २०३७, पृ.१९) । अवचेतन मन चेतन र अचेतनको दोसाँधमा रहन्छ । यो मनको तन्द्रालु अवस्था हो । यसमा भण्डारण भएर रहने इच्छा आकाङ्क्षाहरू तत्कालीन अवस्थामा थाहा नभए पनि तिनलाई प्रत्याह्वन गर्न भने सकिन्छ (पेज, १९४७, पृ.१८४) । मान्छेका अतृप्त इच्छाचाहना,

रुचिहरू, विशेष गरी यौनजन्य अतृप्त चाहना अचेतनमा बास गर्दछ भन्ने फ्रायडको विचार रहेको छ । उनी यो मन विशृङ्खलित, शैशविक र आदिम हुन्छ भन्दछन् । अचेतन मन मनका तीन तहमध्ये सबैभन्दा शक्तिशाली हुन्छ । यसले मनको ठूलो हिस्सा ओगटेको हुन्छ । फ्रायडले यसलाई पानीमा तैरिरहेको हिमखण्डसँग दाँजेर हेरेका छन् । उनले पानीमाथि तैरिएको हिस्सालाई चेतन, आँखाले देख्न सकिने गरी डुबिरहेको हिस्सालाई अवचेतन र देख्न नसकिने गरी डुबेको ठूलो हिस्सालाई अचेतन भनेका छन् (भण्डारी, २०५६, पृ.३८) । बलशाली अचेतनका अतृप्तताहरूलाई सहज निकास दिन सकिएन भने मान्छेको मन विस्फोट हुन्छ वा असामान्य बन्छ भन्ने उनको ठहर छ । फ्रायड स्वस्थताका लागि तिनको सहज निकासमा जोड दिन्छन् । विशेष गरी यौनजन्य उद्वेग र अतृप्तताको सहज तृप्ति हुनुपर्ने उनको विचार रहेको छ । विश्वेश्वरप्रसाद कोइरालाका 'तीन घुम्ती', 'नरेन्द्र दाइ' र 'सुम्निमा' उपन्यासमा फ्रायडको यस मान्यताको प्रयोग गरिएको छ । द्वितीय विश्वयुद्धले मानव सभ्यतामा गरेको ध्वंसका कारण नयाँ पिँढीले जीवनलाई विसङ्गतिपूर्ण ठान्यो । संसारको नियामक कोही छैन भन्दै जीवनलाई निस्सार, शून्य र निरर्थक रूपमा बुझ्न थालियो । फ्रेडरिक नित्सेको ईश्वरको मृत्युको घोषणाले विसङ्गतिवादको जन्म दियो । यसको जीवन्त साहित्यिक प्रयोग अल्बर्ट कामुको कृति 'द मिथ अफ सिसिफस' मा पाइन्छ, जसले जीवनलाई शून्य, श्रापित, लाचार, निरुपायका रूपमा हेरेको छ (बराल र एटम, २०५६, पृ.१४४) । त्यसै गरी जीवन विसङ्गतिपूर्ण छ भन्दैमा पासो लिएर झुण्डिनु हुँदैन अर्थात् पलायनतिर जानु हुँदैन भन्ने धारणा प्रसिद्ध अस्तित्ववादी चिन्तक जाँ पाल सार्त्रको रहेको छ । त्यसैले अस्तित्ववाद विसङ्गतिवादकै पृष्ठभूमिमा जन्मिएको प्रभावशाली दर्शन हो, जसको श्रेय सोरेन किर्केगार्डलाई जान्छ । यिनका बिचमा घनिष्ट सम्बन्ध छ (मल्ल, २०६२, पृ. ५०) । अस्तित्ववादको मूलमा सत्ता वा अस्तित्व रहेको हुन्छ । मान्छे इच्छाबिनै जन्मन्छ र इच्छाबिनै उसले मृत्यु वरण गर्दछ । यसै माझबाट 'म छु' वा 'म केही हुँ' भनेर देखाउनका लागि पनि मान्छेले बाँच्नु पर्दछ । के गर्ने भन्ने स्वनिर्णय गर्दै आफूले रोजेको कामको परिमाणप्रति व्यक्ति स्वयम् जिम्मेवार हुनुपर्छ । व्यक्तिलाई छनोटको स्वतन्त्रता छ र यसबाट उत्पन्न परिणामप्रति पनि स्वयम् व्यक्ति नै जिम्मेवार हुनुपर्दछ भन्ने धारणालाई अस्तित्ववादले अघि सारेको छ (बराल र एटम, २०५६, पृ.१४९) । यस चिन्तनको सुन्दर साहित्यिक प्रयोग गर्ने विश्व प्रसिद्ध साहित्यकारहरू हुन्, जाँ पाल सार्त्र, अल्बर्ट कामु, अर्नेष्ट हेमिङ् वे । विश्वेश्वरप्रसाद कोइरालाले आफ्ना उपन्यासमा विसङ्गतिवाद र अस्तित्ववादको जीवन्त प्रयोग गरेका छन् ।

मिथक आधुनिक साहित्य सिर्जनाको महत्त्वपूर्ण आधार बन्दै आएको छ । यसमा रहने सामूहिक आस्था र आदिम विश्वासलाई युगानुकूल नवीन अर्थवत्तामा ढालेर सिर्जनालाई प्रभावशाली बनाइएको पाइन्छ । विशेष गरी ग्याम्बाटिस्टा बिकोले होमरका कृतिहरूको अध्ययन गरेपश्चात् मिथक आदिम मान्छेको मनगढन्ते अतिरञ्जना नभएको बरु प्राचीन ज्ञानलाई अभिव्यक्त गर्ने रूपकात्मक प्रतीकहरूले आवेष्टित

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

भएको काव्यभाषा भनेका छन् (बिम्सट र ब्रुक्स, सन् १९५७, पृ.७००) । विश्वेश्वरप्रसाद कोइरालाले आफ्नो औपन्यासिक कथ्यलाई सशक्त बनाउनका लागि विषय र प्रतीकको आधारका रूपमा मिथकहरूको उपयोग गरेका छन् । विश्वेश्वरप्रसाद कोइरालाले मानवीय मूल्य र मान्यताको अक्षुष्णतामा जोड दिएर मानवतावादी चिन्तनलाई आत्मसात गर्दै हिंसाको विरोध र शान्तिको वकालत गरेका छन् । उनका उपन्यासहरूमा द्वन्द्वको प्रबलता, कथावस्तुको क्षीणता र भाषाशैलीमा तार्किकता र सङ्क्षिप्तता पाइन्छ । प्रस्तुत लेखमा कोइरालाका औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको रचनाआधारलाई उपर्युल्लिखित सैद्धान्तिक ढाँचा र शिल्पका कोणबाट अध्ययन गरिएको छ ।

## पूर्वकार्यको समीक्षा

विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको रचनाको आधारका विषयमा भएका सन्दर्भित पूर्वकार्यहरू यस प्रकार रहेका छन् ।

इन्द्रबहादुर राई (२०५०) द्वारा लिखित *नेपाली उपन्यासका आधारहरू* शीर्षकको समालोचनात्मक कृतिमा 'तीन घुम्ती' उपन्यासको विषयगत आधारलाई कोट्याउँदै अस्तित्ववाद र मनोविश्लेषणवादलाई मिलाएर एकै ठाउँमा प्रयोग गरिएको छ, जुन अमिल्दो कुरा हो भनिएको छ । यस कृतिले 'तीन घुम्ती' उपन्यासको सैद्धान्तिक आधारको सङ्क्षिप्त प्रस्तुति दिएको छ तर त्यसको सूक्ष्म चिरफार गर्ने उद्देश्य राखेको छैन ।

कृष्णचन्द्रसिंह प्रधान (२०५२) द्वारा लिखित *नेपाली उपन्यास र उपन्यासकार* नामक समालोचनात्मक ग्रन्थमा 'तीन घुम्ती' की इन्द्रमायाको दोस्रो निर्णय रतिरागसँग सम्बिन्धित छ र यो दमित वासनाहरूको समनका लागि चालिएको कदम हो, उसको रागात्मक परिवर्धन हो भनिएको छ । यस समालोचनात्मक ग्रन्थले पनि विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यास रचनाको आधारलाई सूक्ष्म अध्ययन विश्लेषण गर्ने उद्देश्य राखेको छैन ।

भूपति ढकाल 'कमल' (२०५६) को *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष* नामक पुस्तकमा 'मोदिआइन' उपन्यासले जस्तै 'हिटलर र यहुदी' ले पनि असल मान्छे बनेर समाजमा अमनचयन र सुव्यवस्था ल्याउन सकिन्छ भन्ने सन्देशलाई प्रवाहित गरेको भनिएको छ । यसले पनि विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यास रचनाको आधारको सूक्ष्म खोजी गर्ने उद्देश्य राखेको छैन ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) को *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* शीर्षकको कृतिमा कोइरालाद्वारा लिखित 'सुनिमा' उपन्यासको कथावस्तुको स्रोतको उल्लेख गर्दै यो नेपाली उपन्यास परम्परामा मिथकीय पुनः सृजन गरेर लेखिएको पहिलो उपन्यास हो भनिएको छ । उपन्यासमा हिन्दू र किराँती मिथकलाई आधार बनाएर जातीय अन्तर्धुलनको दृष्टिकोण प्रक्षेपित गरिएको भनिएको छ । यस

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कृतिले पनि कोइरालाले आफ्ना उपन्यासमा मिथकलाई विषयवस्तुको स्रोतको रूपमा लिने गरेको प्रसङ्ग उप्काइएको छ । तर यसको उद्देश्य पनि विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको रचनाधारको सूक्ष्म अध्ययन गर्नु होइन ।

दुर्गाबहादुर घर्ती (२०६७) द्वारा लिखित *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्रविधान* शीर्षकको समालोचनात्मक कृतिमा सोमदत्त चतरा आश्रम पुगेर ब्रह्माणोचित कर्म र साधनामा लाग्दछ भन्दै 'सुम्निमा' उपन्यासको मिथकीय सन्दर्भलाई उप्काइएको छ । यस समालोचनात्मक कृतिले पनि विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको रचना आधारको गहन अध्ययन गर्ने उद्देश्य राखेको छैन ।

महेन्द्रकुमार मल्ल (२०७२) को *विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिहरू* शीर्षकको पुस्तकमा कोइलाका अस्तित्ववादी पात्रहरूले समाज संस्कृतिका परम्परागत मूल्यमान्यताहरूप्रति समर्थन नभएको विचारलाई संवहन गरेका छन् भनिएको छ । कोइरालाको अस्तित्ववादी प्रवृत्तिको सङ्क्षिप्त रेखाङ्कन गरिएको हो । यति भएर पनि यस पुस्तकले विश्वेश्वरप्रसाद कोहरालाको औपन्यासिक प्रवृत्ति र 'तीन घुम्ती' उपन्यासको साङ्गोपाङ्ग अध्ययन गर्ने उद्देश्य राखेको छैन ।

श्यामप्रसाद भट्टराई (२०७८) को *नेपाली आख्यान र नाटक* शीर्षकको कृतिमा मान्छेलाई मान्छेकै रूपमा हेरी भ्रातृत्वको व्यवहार गरिनु पर्छ भन्ने दृष्टिकोण उपन्यासकार कोइरालाको रहेको छ भनिएको छ । यो धारणा कोइरालालाई मानवतावादी उपन्यासकारको रूपमा चिनाउने क्रममा उल्लेख गरिएको छ । यस कृतिले पनि कोइरालाको औपन्यासिक प्रवृत्ति र ‘तीन घुम्ती’ उपन्यासको रचना आधारको सूक्ष्म अध्ययन गर्ने उद्देश्य राखेको छैन ।

उपर्युक्त अध्ययनहरूले विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्तिलाई सूक्ष्म रूपमा चिनाउने र ‘तीन घुम्ती’ उपन्यास रचनाको आधारको खोजी गर्ने मूल उद्देश्य नबनाएको हुँदा त्यसै आवश्यकता परिपूर्तिका लागि प्रस्तुत अध्ययनलाई अघि बढाइएको हो ।

## विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक प्रवृत्तिहरू

विश्वेश्वरप्रसाद कोइराला मनोवैज्ञानिक उपन्यासकार हुन् । फ्रायडीयन मनोविश्लेषण उनका प्रमुख उपन्यासहरूको महत्त्वपूर्ण आधार बनेर आएको छ । सिग्मन्ड फ्रायडले अव्याख्येय र रहस्यमय रूपमा रहेको मानव मनलाई वैज्ञानिक रूपमा अध्ययन गरी त्यसको वर्गीकरण समेत गरे । उनले आकारात्मक रूपमा मनलाई चेतन, अर्धचेतन र अचेतन गरी तीन भागमा र गत्यात्मक रूपमा इद, इगो र सुपरइगो गरी तीनै भागमा वर्गीकरण गरे (वल्म्यान, सन् १९६५, पृ.२१६–२५८) । उनले इद (वासनात्मक अहम्) को सम्बन्ध अचेतनसँग छ, इगो (अहम्) को सम्बन्ध चेतनसँग छ भने सुपर इगो (पराहम् वा आदर्श अहम्) मान्छेलाई महान् (दार्शनिक, वैज्ञानिक, साहित्यकार, कलाकार) बनाउने

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

चेतनाको उच्चतम तह हो भने । मनको तीन खण्डमा दुईतिहाइ खण्ड अचेतनले ओगटेको हुन्छ र मान्छेका इच्छाचाहना विशेष गरी यौनजन्य चाहनाको बासस्थान यही अचेतन हो भन्ने धारणा उनको रहेको छ । अचेतन मन जहिले पनि आनन्द प्राप्तितिर एवम् आक्रामक यौनजन्य इच्छाचाहनाको परितृप्तितिर उन्मुख रहन्छ (मल्ल, २०६२, पृ. १४२)। उक्त इच्छाचाहनाहरू सहजै तृप्त भएनन् भने अचेतनमा थन्कन पुग्दछन् र त्यस्तो भएमा व्यक्तिमा अनेकौँ मानसिक कुण्ठा र विकृतिले घर गर्न पुग्दछ एवम् व्यक्ति असामान्य बन्दै जान्छ, त्यसैले अचेतनका अतृप्त चाहनाको सहज निकास दिनुपर्छ भन्ने विचार फ्रायडको रहेको छ ।

कोइरालाका उपन्यासमा उपर्युक्त फ्रायडीयन यौन मनोविश्लेषणलाई निकै कलात्मक बान्कीका साथ उपयोग गरिएको छ । 'तीन घुम्ती', 'सुम्निमा' र 'नरेन्द्र दाइ' यसका टड्कारा साक्ष्यका रूपमा रहेका छन् । 'तीन घुम्ती' की इन्द्रमायाले सम्भ्रान्त नेवार परिवारको सुखलाई परित्याग गरी, पीताम्बरलाई वरण गरी भने थकित–गलित पीताम्बरको अशक्त व्यवहारबाट अचेतनमा थन्किएर रहेको यौनभोक तृप्त नहुने ठानेर नै पीताम्बरको बन्दीजीवनपश्चात् रमेशसँग यौनसम्बन्ध स्थापित गरी जसबाट एक छोरी (रमा) को जन्मसमेत भयो । 'सुम्निमा' उपन्यासको प्रमुख पात्र सुम्निमा र सोमदत्त आआफ्ना मान्यताका हठमा लाग्दा विक्षिप्त जीवन बाँच्नु परेको छ । इन्द्रियनिग्रही, तपोप्रबल, आर्यब्राह्मण बन्ने धुनले सोमदत्तका स्वाभाविक चाहनाहरू कुण्ठित बन्न पुगेका छन् । चेतनको उपल्लो तहमा रहेर श्रेष्ठ ब्राह्मण बन्ने, ब्रह्मचर्य जीवन व्यतीत गर्ने जस्ता आकाङ्क्षाहरू उसभित्र अङ्कुराए पनि उसको शक्तिशाली अचेतनलाई सर्वदा सुम्निमाको उन्मत्त जोवनले झक्झकाइरहन्छ र जैविक चाहनाको प्रबल वेगले उसलाई घचेटिरहन्छ । उसलाई सिद्धिप्राप्त गरेको जस्तो लागे पनि ऊ वास्तविक रूपमै शक्तिशाली अचेतनको यौनजन्य वेगमा बग्न बाध्य छ । सोमदत्तले सुम्निमालाई र पुलोमाले भिल्लयुवकलाई आफ्ना मानसपटलमा सर्वदा राखिरहनु लिविडो (रागवृत्ति) का कारणले नै हो । यस विषयमा कृष्णचन्द्रसिंह लेख्छन्,

*मानसतलमा किराँतीवाला सुम्निमालाई राखेर उससँग सम्भोग गर्ने तापसपुत्र सोमदत्त र भिल्लयुवक ठानी पीडा र आनन्दको भोगमा सोमदत्तको समागम स्वीकार्ने ब्राह्मणी पुलोमामा शारीरिक पवित्रता त छ, मानसिक अनुरक्ति भने किराँत परपत्नी र परपुरुषप्रति रहेको प्रस्ट छ । शरीर सम्बन्ध मात्र दोष हो कि मानसिक व्यभिचार पनि ? दुबै लोग्नेस्वास्नीको भोग मर्यादित भएर पनि कति अमर्यादित जीवन व्यतीत गरेर त्यस रातको अनुभवलाई एक्लै एक्लै कल्पनामा भोगेर पुलकित भइरहे ? सोमदत्तले सुम्निमा ठानेर, पुलोमाले भिल्लयुवा मानेर ? सोमदत्त पुलोमाको मनोमालिन्य र घृणाभित्र उनीहरूको अतृप्त वासना नै होइन कार्यरत रहेको ? र दुबैको मनोसंसारमा सञ्चित रहेको बलिष्ठ व्यक्तिको रूपाभाषमा रहेको समागमबाट हैन र अविष्मरणीय तृप्ति अनुभव गरेर चिरसुखमा प्राप्त*

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

*भएका ? आखिर किन यी दुबै दम्पती ती अनार्यप्रति आकर्षित र सम्मोहित भए ? के यो उनीहरूको अदम्य वासना र अतृप्त कामनाकै विकृतिपूर्ण अभिव्यक्ति होइन ? स्थानापन्नताको खोज ? चेतन मन नैतिक आदर्श खोज्छ, अचेतन मन भने अनैतिक वासनापछि मडारिरहन्छ (प्रधान, २०५२, पृ. ३६४–३३८ ) ।*

नरेन्द्र दाइ उपन्यास पनि फ्रायडको यही रागवृत्तिका प्रबल वेगले व्यक्तिको जीवनलाई विघटित गर्ने दु:खान्त कथामा विरचित छ । गौरीसँग नरेन्द्र असन्तुष्ट छ, कारण उसमा सुगठित आङ्गिक विन्यासको अभाव भएकोले हेर्दामा आकर्षण छैन । गौरी उसकी विवाहित पत्नी हो । स्तर, परिवार, जातभात सबै जुराएर बाबुआमाले नै विवाह गरिदिए पनि नरेन्द्र गौरीलाई उपेक्षा गर्दै धानुककी छोरी मुनरियासँग अवैध सम्बन्ध स्थापित गर्दछ । नरेन्द्रले परम्परा, परिवार, वर्ग, सम्पन्नता र मर्यादालाई ठाडै उल्लङ्घन गरेको छ र मुनरियासँगको रतिरागात्मकतामा लीन भएको छ । उसभित्र यौनको आँधी छ, जसलाई मुनरियाले शान्त पार्न सक्थी । उपन्यासमा जुन्टु नानी भन्छिन्, "गौरीमा नरेन्द्रले के पाउँछ र - एक चिम्टी छाती छैन, जहाँ मुनरिया अञ्जुलीभरि लिएर हिँड्छे" (कोइराला, २०६१, पृ.११) ।

वासनामा वशीभूत भएर नै नरेन्द्रले घरपरिवार सारा त्यागेर मुनरियालाई लिएर हिँडिदिन्छ । पति परित्यक्ता गौरी एकान्तमा सानोबाबुलाई अँगालोभरि कसेर म्वाइँ खाने गर्छे । यसरी उपन्यासमा फ्रायडीयन मनोविश्लेषणका ढाँचामा पात्रका अन्तर्वृत्तिहरू जीवन्त ढङ्गले विश्लेषित छन् ।
कोइराला विसङ्गतिवादी उपन्यासकार हुन् । विसङ्गतिवादले परम्परागत सङ्गतिलाई स्वीकार गर्दैन । यो संसार वा सृष्टिको नियामक कोही छैन, यहाँ केवल शून्यता र निरर्थकता मात्र छ भन्ने दृष्टि विसङ्गतिवादको रहेको छ । विशेष गरी विश्वयुद्धका विभीषिकाबाट क्षतविक्षत् हुन पुगेको मानव सभ्यता, भग्न हुन पुगेका मूल्यवान् धरोहर एवम् सिर्जनाहरूलाई आफ्नैअघिल्तिर टुलुटुलु हेर्नु पर्दा बिसौँ शताब्दीका युवापिँढीमा वितृष्णा पैदा हुन पुग्यो । बमको एउटा छिर्कोले वा विवेकहीन शासकको सनकले हजारौँ हजारौँ वर्षका हाम्रा उपलब्धिहरू क्षणभरमै तहसनहस हुन सक्ने यथार्थलाई भोग्नु पर्दा उनीहरूले जीवनको सङ्गतिहीनताको अनुभूति गरे । उनीहरूले जीवनलाई निरीह, शुष्क, व्यर्थ र निस्सार रूपमा परभाषित गर्न थाले । यही दृष्टिकोणले साहित्यमा पनि प्रश्रय पायो र विश्वका महान् लेखकका महान् कृतिहरू यसै सैद्धान्तिक साँचाबाट संरचित भए । कोइरालाका उपन्यासहरूमा पनि विसङ्गतिपूर्ण जीवनको प्रस्तुति पाइन्छ । जीवनलाई क्रम र पद्धतिमा ढालेर सुखभोग गर्ने पात्रका चाहनाहरू उपन्यासमा गर्ल्यामगुर्लुम ढलेका छन् । 'नरेन्द्र दाइ' उपन्यासमा नरेन्द्र र गौरीको वैवाहिक जीवन नरेन्द्र र मुनरियाको सम्बन्धसँगै दुर्घटित बन्न पुग्छ । गौरी नरेन्द्रलाई प्रेम गर्छे तर नरेन्द्र मुनरियालाई आफ्नो समाज र परम्पराबाट धेरै टाढा गएर निर्विध्नतापूर्वक मुनरियासँग रमाउने नरेन्द्रको अभिलाषा क्षयका किटाणुसँगै तुहिन पुग्छ । उपन्यासमा भनिएको छ, "लाग्यो कोशीको तटमा बालुवाको

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

राशिमाथि नरेन्द्र, गौरी र मुनरियाले एउटा खेलाँचीमा त्रिभुज अङ्कित गरे । नियतिको एउटा सानो फ्फुमा बालुवा हल्लियो । त्रिभुज विलीन भयो । बालुवाको निर्दोष राशि निर्द्वन्द्वतामा शून्यतालाई चियाएर बसिरहेको छ, आजसम्म बसिरहेकै छ" (कोइराला, २०६१, पृ.१००-१०१) ।

उपयुर्क्त उद्धरणहरूले 'नरेन्द्र दाइ' उपन्यासको व्यथा र विफलताले भरिएको असङ्गतिपूर्ण जीवनलाई सङ्केत गरिरहेको छ । नरेन्द्र, गौरी र मुनरियाको जीवनलाई बालुवाको त्रिभुजसँग तुलना गर्दै उनीहरूको जीवनको विडम्बना र शून्यतालाई प्रस्ट्याउने प्रयास गरिएको छ । यहाँनिर उल्लेखनीय के छ भने विसङ्गतिपूर्ण जीवनको कारक नियति भन्दै नियतिवादी मान्यतालाई अघि सारिएको छ । जीवनको विसङ्गत पक्षको उद्घाटन गर्ने कोइरालाको अर्को उपन्यास 'बाबु, आमा र छोरा' पनि हो । यसमा आफ्नी प्रेमिकालाई आमा भन्नुपर्ने विडम्बनापूर्ण स्थितिले समाजको विसङ्गत पक्ष उद्घाटित भएको छ । शिवप्रसादकी प्रेमिका उमालाई उसको आफ्नै बाबुले विवाह गर्यो र ऊ कान्छी आमा बन्न पुगी । यस्ता घटनाहरू समाजमा नघट्ने पनि होइनन् । उपन्यासकार कोइराला नौला नौला घटना वृत्तान्तद्वारा उपन्यासको आवरण तयार गर्न निकै सिपालु मानिन्छन् ।

कोइराला अस्तित्ववादी उपन्यासकार हुन् । विश्वप्रसिद्ध चिन्तक किर्केगार्ड, हाइडेगर, कामु, सार्त्रका विसङ्गतिवादी, अस्तित्ववादी मान्यतालाई उनले आफ्ना उपन्यासहरूका विषयगत आधार बनाएका छन्। "विश्वेश्वरप्रसाद कोइरालाले लेखेको 'नरेन्द्र दाइ' चिन्तनप्रधान, विचारोत्तेजक, संस्मरणात्मक, आस्थावादी, मनोवैज्ञानिक उपन्यास हो । यस उपन्यासको दार्शनिक पक्ष प्रबल छ। यसको पूवार्द्ध बालक्रीडाको सुखले प्लावित भए तापनि पूर्णतः दुःखान्त देखिन्छ एवम् कोइरालामा कामु र सार्त्रको स्पष्ट छाप पनि परेको पाइन्छ" (रेग्मी, २०५०, पृ.१९८) । सार्त्रको अस्तित्ववादी चिन्तन विशेष प्रसिद्ध रहेको छ । यसले विश्व साहित्यमा प्रयोगको विशाल भूमि प्राप्त गरेको छ । आतित्ववादको चर्चा गर्दा यसमा विसङ्गतिवाद स्वतः गाँसिएर आउँछ । जीवन निस्सार, व्यर्थ र शून्य छ भन्ने बुझ्दा बुझ्दै पनि मान्छेले अस्तित्व स्थापनाको प्रयत्न गर्नुपर्छ भन्ने दृष्टिकोण आस्तित्ववादको रहेको छ (फोलर, सन् २००५, पृ. ८१-८२) ।

अस्तित्ववादले सारा प्रयत्नहरू अन्ततः विसङ्गतिमै गएर टुङ्गिन्छन् तापनि शून्यबोध गरी घाँटीमा पासो लगाउनु कदापि उचित हुँदैन भन्छ । 'म छु' वा 'म केही हुँ' को मूल्यबोध गरी जीवनलाई कर्मण्य बनाएर आस्तित्व स्थापना गर्नुपर्ने मान्यता आतित्ववादको हो । यसले व्यक्तिगत स्वतन्त्रतालाई अत्यधिक जोड दिन्छ । सार्त्रका अनुसार के गर्ने भन्ने व्यक्तिकै स्वतन्त्रताको कुरा हो, व्यक्ति स्वतन्त्र छ र आफूले रोजेको कार्यको परिणामप्रति स्वयम् व्यक्ति नै उत्तरदायी हुनुपर्छ । कोइरालाका 'तीन घुम्ती', 'नरेन्द्र दाइ' र 'सुम्निमा' उपन्यासहरूमा यस मान्यताले ठाउँ पाएको छ । कोइरालाका "अस्तित्ववादी पात्रहरू परम्परागत, सामाजिक, सांस्कृतिक मूल्य मान्यताहरूप्रति असहमति प्रकट गर्दै नवीन मूल्य

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

मान्यताहरूको खोजी गर्दछन्" (मल्ल, २०७२, पृ. ५६)। 'तीन घुम्ती' की इन्द्रमायाले लिएका जीवनका तीन ओटा निर्णयहरू नारी अस्तित्वको खोजी हो । काठमाडौँको सम्पन्न नेवार परिवारमा जन्मेकी इन्द्रमायाले बाबुआमा, आफन्ती, इष्टमित्र आदि कसैका कुरा खाइन, पर्वते ब्राह्मणसँग विवाह गरी, प्रचलित सामाजिक व्यवस्था र मर्यादालाई उलङ्घन गर्दै रमेशबाट यौनतुष्टि लिई र छोरी परित्याग गरेपछि मात्र स्वीकार्ने पति पीताम्बरको पौरुष अहंका अघिल्तिर घुँडा नटेकी उसलाई नै त्यागिदिई । इन्द्रमायाका निर्णयहरू उसकै अहं सिर्जित निर्णय हुन् । सार्त्रले भने जस्तै व्यक्तिमूल्य वा अस्तित्वको स्थापना, जीवनलाई स्वतन्त्र भोग्ने र त्यसको उत्तरदायी हुँदै जीवन बाँच्ने एउटा उत्कृष्ट चाहना । 'सुम्निमा' मा यस्तो अहंलाई दुई संस्कृति सम्पदाका माझबाट बडो जीवन्ततापूर्वक विश्लेषण गरिएको छ । विशेष गरी श्रेष्ठ तापस ब्राह्मण बन्ने सोमदत्तको अहंलाई देख्दा 'म छु' वा 'म केही हुँ' भन्ने वास्तविक मान्यताको उपल्लो रूप लाग्दछ । उता सुम्निमा पनि सोमदत्तको जातीय अभिमानका अघिल्तिर टसका मस नभई आफ्नो जीवनमूल्यप्रति प्रतिबद्ध देखिन्छे । नरेन्द्र दाइ अहंद्वारा निर्देशित चरित्र हो । मुनरियासँगको सम्बन्धलाई लिएर एउटीलाई राम्ररी पाल्न नसक्नेले अर्कीसँग उठबस गर्ने भन्ने बाबुको विचार सुनेपछि उसको अहं सतहमै प्रकट हुन्छ र उसले बाबुलाई जवाफ लगाउँदै भन्छ, "कप्तान बा मलाई घोचेर नभन्नुहोस् । जाबो एउटीलाई मेरो गलामा झुन्ड्याइदिएर बडो उपकार गरेको छु भन्नुहुन्छ भने त त्यो तपाईंले मेरो लागि ल्याएकी भनेकी तपाईंलाई नै भयो"(कोइराला, २०६१,पृ. २५) ।

नरेन्द्रदाइ जीवनलाई आफ्नै ढङ्गले स्वतन्त्र भएर बाँच्न चाहन्थ्यो । त्यसैले बाबुलाई वचन लगाएर घरपरिवारको सुखसयललाई सजिलै परित्याग गर्‍यो र मुनरियालाई लिएर भारततर्फ लाग्यो । यसरी कोइरालाले अस्तित्ववादी चिन्तनलाई आफ्ना उपन्यासहरूको विषयगत आधार बनाएका छन् । कोइराला मानवतावादको पक्षमा दृढ हुँदै मानवजातिको हित, कल्याण र समुन्नतिको वकालत गर्ने मानवतावादी उपन्यासकार हुन् । मान्छेलाई मान्छेकै रूपमा हेर्नुपर्दछ र उसलाई भ्रातृत्वपूर्ण व्यवहार गरिनुपर्छ भन्ने विचार उनको छ (भट्टराई, २०७८,पृ.२१८)। 'मोदिआइन', 'हिटलर र यहुदी' यसै मान्यतालाई प्रस्तुत गर्ने उत्कृष्ट उपन्यासहरू हुन् । 'मोदिआइन' गीतादर्शनमा आधारित छ । महाभारतको युद्धताका कुरुक्षेत्रमा स्वजनहरूको भिडलाई सिध्याउनुपर्ने परिस्थितिले अर्जुनलाई खल्लो अनुभूति दिन्छ र उनी मानवताविरोधी कृत्यबाट पछि हट्ने निर्णयमा पुग्छन् । तत्पश्चात् कृष्णले उनलाई क्षत्रिय हुनुको धर्म सम्झाए, मनुष्य चोला, पाप र पूण्यका बारेमा निदर्शन गराए र न्यायको स्थापना गर्नका लागि युद्ध गर्नैपर्ने, गाण्डीव चलाउनैपर्ने दर्शन अघि सारे । फलस्वरूप महाभारतको युद्ध मच्चियो, रगतको खोलो बग्यो, मानव जातिको ठूलो सर्वनाश भयो, निर्मम, क्रूर र अमानवीय इतिहास रगतले लेखियो । अर्जुनलाई उक्साएर रगतको इतिहास रचना गर्ने कृष्णको दर्शनप्रति 'मोदिआइन' उपन्यासमा कोइरालाले असहमति जनाएका छन् । उनी उक्त युद्ध मानवजातिको हित होइन सर्वनाशका लागि

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

रचिएको थियो भन्ने निष्कर्षमा पुगेका छन् । मानवजातिको हितका लागि आफूभित्रको मानवता सुरक्षित राख्नुपर्ने आग्रह उपन्यासमा नारीले अर्जुनलाई यसरी गरेकी छन्, "अर्जुन हामी तमाम मनुष्य- नारीका हृदयको आशीर्वाद लेऊ तिमी । तिमी देवसम्मुख मानवीय सत्य स्थापित गरिरहेका छौ । निर्मम भएर अडिरहू, अर्जुन अडिरहू" (कोइराला, २०५८, पृ.३८) ।

'हिटलर र यहुदी' उपन्यास पनि कोइरालाको वैचारिक उपन्यास हो । यसले पनि मानवताको बृहत्तर भावनालाई हिटलर र यहुदीको ऐतिहासिक पृष्ठभूमिबाट प्रक्षेपण गरेको छ । नरसंहारकारी द्वितीय विश्वयुद्धको एउटा महत्त्वपूर्ण कारण हिटलरको महत्वाकाङ्क्षा थियो । उसले लाखौँलाख यहुदीहरूलाई ग्याँसच्याम्बरमा हालेर मारेको थियो, जुन घटना इतिहासको एउटा कलङ्कका रूपमा रहेको छ । उपन्यासकार कोइरालाका विचारमा हिटलरको उक्त कृत्य मानवजातिको विनाशको दु:खान्त कथा थियो । 'हिटलर र यहुदी' उपन्यास यसका विरुद्धमा संरचित छ र त्यसले विश्व सभ्यताको फराकिलो राजमार्ग मान्छेको असल विचारले मात्र निर्माण हुन्छ भन्ने दृष्टिकोण अघि सारेको छ । ''मोदिआइन' जस्तै 'हिटलर र यहुदी'ले पनि हामीलाई यदि मानव बन्ने हो भने असल बन्न आफ्नो हैसियत नभुलेर राम्रो काममा अग्रसर हुनुपर्छ, तब मात्र मानव समाजमा शान्ति एवम् सुव्यवस्था कायम गर्न सकिन्छ भन्ने मानवीय भावधारा दुबै उपन्यासमा अभिव्यक्त भएका छन्" (ढकाल 'कमल', २०५६ , पृ. १९१) । यसरी उपन्यासमार्फत मानवतावादी दृष्टिकोण पस्कनु कोइरालाको अर्को महत्त्वपूर्ण प्रवृत्ति हो ।

कोइरालाका उपन्यासहरूमा मिथक महत्त्वपूर्ण आधार बनेर आएको छ । त्यसैले उनी मिथकीय उपन्यासकार हुन् । उनले पूराकथात्मक बिम्ब र प्रतीकहरूको प्रयोग गर्दै त्यसलाई आधुनिक सन्दर्भमा प्रस्तुत गरेका छन् । 'सुम्निमा' र 'मोदिआइन' यस्तो प्रवृत्तिका विशेष चर्चित उपन्यास हुन् । आर्य र किराँती सभ्यताका दुई प्रतिनिधि पात्र सुम्निमा र सोमदत्तका जीवनको ऊहापोह 'सुम्निमा' उपन्यासमा दिग्दर्शित छ । उपन्यासकारले यहाँ किराँती संस्कृतिको प्रतिनिधि सुम्निमा र आर्य संस्कृतिको प्रतिनिधि सोमदत्तको मेल, बेमेल र मेलका घटनाक्रमहरूबाट आध्यात्मिक र भौतिकवादी चिन्तन र तिनको द्वन्द्वलाई देखाउँदै तिनको समन्वयको सन्देश दिएका छन् । कोशी किनारको चतरा भू-भागमा सोमदत्त र सुम्निमाको भेट हुन्छ । दुबै एकअर्काप्रति आकर्षित हुन्छन् तर सोमदत्तमा श्रेष्ठ आर्य ब्राह्मण बनेर पूर्वीय आध्यात्मिक चिन्तनमार्गमा अभिमुख हुने अठोट जागारित हुन्छ । नुहाउँदै गरेकी सुम्निमाको शरीरलाई सङ्केत गर्दै उसको देह नरक भएकोले त्यसलाई छोप्नुपर्ने धारणा अघि सार्छ । यहाँबाट सुरू भएको सोमदत्त र सुम्निमाको द्वन्द्व आर्य किराँती सभ्यता हुँदै अध्यात्मवाद र भौतिकवादको द्वन्द्वमा विस्तारित हुन्छ र अन्ततः अनुभूत जीवनका अभाव, पीडा, विफलता र व्यर्थताका माझबाट सोमदत्त - सुम्निमाको मेलले सुखद् जीवनको प्राप्ति भएको देखाउँदै अध्यात्मवाद र भौतिकवादको समन्वयको औपन्यासिक

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

कथ्य प्रस्तुत गरिएको छ । "नेपालीमा मिथकीय पुनः सृजन गरी लेखिएको पहिलो उपन्यास कोइरालाको सुम्निमा हो । यस उपन्यासमा हिन्दू पुराण तथा किराँती धर्मग्रन्थ मुन्धुमका मिथकलाई नयाँ ढाँचामा सजाएर जातीय अन्तर्मिश्रणको मान्यतालाई प्रस्तुत गरिएको छ । मिथकलाई प्रयोग गरेर मानिसको वास्तविक स्वभाव, मनोकाङ्क्षा र अस्तित्व व्याख्या गरी समन्वयको मार्ग खोज्ने काममा यो सफल छ" (बराल र एटम् २०५८,पृ.२२२) ।

'मोदिआइन' गीतादर्शनमा आधारित छ । यसमा कृष्णले अर्जुनलाई गलत सल्लाह दिई युद्धको विभीषिका रचेको र मानवजातिको विनाश गरेको कुराप्रति उपन्यासकार सहमत छैनन् । यसमा औपन्यासिक विषय, पात्र र परिवेश महाभारतकालीन छन् र यसले गीतादर्शनको पुनर्व्याख्या गरेको छ । 'हिटलर र यहुदी' मा पनि हिटलरको कृत्यलाई गीतादर्शनको उपज त होइन भन्ने प्रश्न उठाइएको छ । 'मोदिआइन'को विषयवस्तुप्रति समालोचनात्मक टिप्पणी गर्दै समालोचक भूपति ढकाल 'कमल' लेख्छन्, "स्वैरकल्पित कथाको केन्द्रीयतालाई महाभारतीय पृष्ठभूमिमा समायोजित गरी लेखिएको यस 'मोदिआइन'मा गीतादर्शनका परम्परागत मूल्य र मान्यताप्रति असहमति जनाउँदै मानवतावादी विचार प्रतिपादन गरिएको पाइन्छ । यिनले यसमा महाभारतीय पुराकथाका बिम्ब प्रतीकहरूबाट वर्तमानको प्रतिबिम्बन र प्रतिभासन गराएको उपन्यासको अध्ययनबाट स्पष्ट हन्छ" (ढकाल 'कमल', २०५६,पृ.११२-११३) । अत: कोइराला मिथकको उपयोग गरी त्यसलाई आधुनिक सन्दर्भमा पुनर्व्याख्या गर्ने सशक्त उपन्यासकार हुन् ।

कोइरालाका उपन्यासमा द्वन्द्वको प्रबलता पाइन्छ । द्वन्द्व बहिर्मुखीभन्दा अन्तरमुखी ज्यादा छ । पात्रका चेतन र अचेतन मनका बिचको द्वन्द्वलाई बडो सजीवताका साथ कोइरालाका उपन्यासमा प्रस्तुत गरिएको पाइन्छ । उनका प्रायः सबै उपन्यासमा द्वन्द्वको कलात्मक संयोजन पाइन्छ तापनि 'तीन घुम्ती' की इन्द्रमायालाई परिवार, समाज र संस्कृतिको उलङ्घन गरी अन्तरजातीय विवाहको निर्णयमा पुग्नुअघि मानसिक द्वन्द्वको चपेटामा पर्नु परेको छ । उसलाई दोस्रो निर्णय लिन झनै कठिनाइ र तनाब झेल्नु परेको छ । पीताम्बरको जेलयात्रापश्चात् रमेशसँगको सान्निध्यले चेतनको नियन्त्रण र अचेतनको इच्छातृप्तिको रस्साकसीबाट जुन द्वन्द्वात्मक स्थितिको सिर्जना भएको छ, त्यसले उपन्यासलाई निकै रोचक र आस्वाद्य बनाएको छ ।

इन्द्रमायाको जीवनले भोगेका द्वन्द्वहरू सोमदत्त र पुलोमाहरूले पनि भोगेका छन् । 'सुम्निमा' उपन्यासमा सानैदेखिको सान्निध्य र मित्रता प्रेममा रूपायित हुँदै जाँदा सोमदत्त सुम्निमातर्फ र सुम्निमा सोमदत्ततर्फ तानिएका छन्, सहज इच्छाहरूको परितृप्तिका लागि । तर यहाँ सोमदत्तको आर्य अहं ती स्वाभाविक इच्छाहरूको पूर्तिमा व्यवधान बनेर उपस्थित हुन्छ । उसको पिता सूर्यदत्त वानप्रस्थ जीवन व्यतीत गर्ने क्रममा चतराको जङ्गलमा बसेको हुँदा जाति, संस्कार र वातावरणको स्वाभाविक प्रभाव

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

सोमदत्तमा पनि पर्न गएको छ । त्यसैले ऊ इन्द्रियनिग्रही, तपोप्रबल एवम् ब्रह्मचर्यको दिशा समात्छ । यो उसको चेतनाको यात्रा थियो तर यस यात्रालाई सुम्निमाप्रतिको लगाव र आशक्तिले पटक पटक खण्डित गरिदिन्थ्यो । उसले केबल सन्तानोत्पत्तिका लागि मात्रै पुलोमालाई विवाह गर्यो र पुत्रप्राप्तिका लागि भन्दै विधिवत पुत्रेष्टि यज्ञ लगायो । तर विधिविधान अनुसार ऋतुदान गर्दा पनि ऊ सन्तानहीन नै हुन पुग्यो । बरु सोमदत्तले सुम्निमालाई र पुलोमाले भिल्लयुवकलाई सम्झदै गरेको सहकार्य (सहवास)ले उनीहरूलाई सन्तान प्राप्त भयो । यसले सोमदत्तको सुम्निमाप्रति र पुलोमाको मिल्लयुवकप्रति अचेतनमा गहिरो स्थान रहेको र उनीहरूको अचेतनको चाहना कल्पनामै भएर पनि सन्तान जन्माउने इच्छा पूरा भएको देखाइएको छ । यसरी कल्पना गरेरै वा सम्झेर नै तृप्ति हुनु थियो भने उनीहरूले किराँतवाला र भिल्लयुवकलाई सहजै वरण गर्नुपर्थ्यो तर त्यसो हुन सकेन । यही द्वन्द्वात्मक मानिसकिताको चित्रणले नै 'सुम्निमा' एक स्तरीय कलात्मक उपन्यास बन्न पुगेको छ ।

कोइरालाका उपन्यासहरूको कथानक क्षीण छ । क्षीण कथानक र सङ्क्षिप्त अभिव्यक्तिमा वैचारिकतालाई प्रस्तुत गर्नु उनको औपन्यासिक शिल्प हो । अन्तर्बाह्य दृष्टिविन्दु, दृष्टिविन्दु परिवर्तन र पूर्वदीप्तिको शैलीले उनका उपन्यासहरू रोचक बन्न पुगेका छन् । कौतूहलता र रोचकता उनको शैल्पिक विशेषता हो । उनका उपन्यासहरूमा विचारको आग्रह पाइँदैन । बरू त्यसलाई उनले कथा र चरित्रमा उनेर कलात्मकताका साथ प्रस्तुत गरेका छन् । तार्किक र ओजपूर्ण भाषा एवम् बिम्ब र प्रतीकहरूको प्रयोग पनि उनका उपन्यासहरूमा सशक्त ढङ्गले गरिएको हुन्छ । तत्सम शब्दको अधिक प्रयोग गरी उनले अभिव्यक्तिमा ओज ल्याउने काम गरेका छन् । भाषा प्रयोगमा पात्रको स्तरलाई ख्याल गरी स्वाभाविकता ल्याइए पनि कहीँकतै हिन्दी शब्दहरूको प्रयोग र वाक्यविन्यासले अस्वाभाविकतासमेत सिर्जना गरेको छ ।

**'तीन घुम्ती' उपन्यासको आधार**

विश्वेश्वरप्रसाद कोइरालाको 'तीन घुम्ती' उपन्यासमा माथि विवेच्य प्रवृत्तिहरूमध्ये धेरै जसो प्रवृत्तिलाई उपन्यास रचनाको आधारका रूपमा लिइएको छ । फ्रायडीयन मनोविश्लेषण उनका उपन्यासको प्रमुख आधार हो, जुन यस उपन्यासमा स्पष्ट देख्न सकिन्छ । उपन्यासको प्रमुख पात्र इन्द्रमायाले जीवनमा तीन ओटा महत्त्वपूर्ण निर्णय लिएकी छ । यही तीन निर्णयकै आधारमा वा उसका जीवनका तीन ओटा उल्लेख्य मोडका आधारमा शीर्षक पनि 'तीन घुम्ती' चयन गरिएको छ । कथावस्तुको क्षीणता र पात्रीय अन्तर्वृत्तिहरूको सूक्ष्म विश्लेषण गर्ने ध्येयले उपन्यासलाई चरित्रप्रधान बनाएको छ । उपन्यासमा इन्द्रमायाले पहिलो र दोस्रो निर्णय गर्नुमा रतिरागजनित कारण पनि महत्त्वपूर्ण बनेर आएको छ । पीताम्बरसँग परिचय भयो, सम्पर्क भयो र रतिरागात्मक चासोकै कारण सम्बन्ध प्रगाढ बन्दै गयो । बाबुआमा, घरपरिवार, इष्टमित्र, समाज सबैलाई जानकारी भयो । उसलाई त्यसबाट

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

विच्छेद गर्ने ठुलै प्रयत्न गरे उनीहरूले । स्वयम् इन्द्रमायालाई पनि वर्ग, जात, परम्परा संस्कृतिका विरुद्ध उभिनुपर्दा निकै मानसिक तनाबको सामना गर्नुपर्यो । अन्ततः उसको अचेतन मन प्रवल बन्यो, मनको अन्तरमा रहेको पीताम्वरप्रतिको आशक्तिले विजय प्राप्त गर्यो । उसले पीताम्बर रोजी, सारा स्वजन, समाज र संस्कृतिलाई पर पन्छाई । इन्द्रमायाले यो निर्णय लिनुको एउटा कारण उसको अचेतन मनमा बास गरेको अतृप्त यौनप्रेरणा नै हो । कोइरालाका प्रायजसो आख्यानका पात्रहरू अचेतनको तृप्तितिर सर्वदा उन्मुख भइरहन्छन् ।

इन्द्रमायाको दोस्रो निर्णय उसभित्र विकसित यौन चाहनाको प्रबल बेग नै हो । उसले सम्पूर्ण रूपमा आफूलाई पीताम्बरमा न्यौछावर गरी । पीताम्बर पर्वते ब्राह्मण थियो । ऊ राजनीतिक रूपले सचेत मानिस भएकोले तत्कालीन राज्यवस्थाका विरुद्ध सङ्गठनमा जुटिरहन्थ्यो । त्यसैले धैरैजसो ऊ थकित थकित एवम् क्लान्त देखिन्थ्यो । इन्द्रमाया पतिको त्यस्तो व्यवहारबाट विरक्त हुन्थी । उसमा यौनभोक बढ्दो थियो । एक रात सहवास-सहयोगका लागि उसले पीताम्बरलाई आग्रह गरी तर पीताम्बर आफू थाकेको भन्दै कोल्टे फर्किदियो । यस्तो क्रम दोहोरिरह्यो र खण्डित बन्न पुग्यो इन्द्रमायाको यौन परितृप्तिको आकाङ्क्षा यही कारणले भएको थियो उसको जीवनमा रमेशको प्रविष्टि । यस विषयमा समालोचक कृष्णचन्द्रसिंह लेख्छन्,

*बारम्बार खण्डित हुनु परेको व्यथा-बोधमा निराशनिराश, निरसनिरस क्षुब्ध इन्द्रमाया यो एकान्त फोड्न चाहन्थी छाती भरिभरि बेरिएर, तृप्तिकार्यमा सहभागी भइदिन विनय गरेर, काखमा बालक खेलाएर तर त्यसै रात पीताम्बर बन्दी भएपछि प्रतिकदम चाल्ने इन्द्रमायाको रागात्मक परिवर्धनले रमेशको आग्रह कबुल्ने शक्ति दियो । उसको दोस्रो निर्णय रतिरागजनित अदम्य तृप्तिका लागि उठाइएको स्वीकारोक्ति हो- उसको रागात्मक परिवर्धन (प्रधान, २०५२, पृ. ३६६) ।*

यत्रो निर्णय लिदा उसभित्रको चेतन र अचेतनको द्वन्द्व प्रभावकारी ढङ्गले प्रस्तुत गरिएको छ । सामाजिक मर्यादा र नैतिक प्रश्नका अघिल्तिर परपुरुषसँगको वर्जित सम्बन्धलाई स्वीकार्नु इन्द्रमायाको लागि ठुलै चुनौती थियो । यहाँ नैतिक मूल्य र स्वाभाविक चाहनाको घर्षण कलात्मकताका साथ संयोजित छ । "वि.पी. का उपन्यासमा नैतिक मर्यादा प्रमुख प्रश्न भएर उभिएका छन् । स्वाभाविक यौन सुखेच्छा र सामाजिक मर्यादा माझको द्वन्द्व-जीवन उनको मुख्य विषय हो" (प्रधान, २०५२,पृ.३६६) । यसरी 'तीन घुम्ती' उपन्यास संरचनाको एउटा सैद्धान्तिक आधार फ्रायडीयन मनोविश्लषण हो भन्ने पुष्टि गर्दछ । 'तीन घुम्ती' उपन्यासको अर्को महत्तम प्राप्ति अस्तित्ववादी चिन्तनलाई औपन्यासीकरण गर्नु हो । कोइराला जाँ पाल सार्त्रको आफू भएर नै अरू हुने, आफू नभए अरू कोही पनि नहुने अस्तित्ववादी चिन्तक हुन् । कोइरालाको 'तिन घुम्ती'मा यसै चिन्तनको प्रभाव देखिन्छ । इन्द्रमाया अहंमा बाँचेकी नारी हो । अघिल्ला अनुच्छेदहरूमा चर्चा गरिए झैँ उसले सुख, परिवार र सम्पन्नता त्यागेर पीताम्बरलाई

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

वरण गरी । यसमा उसले स्वतन्त्र निर्णय गरी । भविष्यमा परिणाम जस्तो भए पनि भोग्न तयार भई । व्यक्तिलाई कामको छनौट गर्ने स्वतन्त्रता छ तर त्यसको परिणामको उत्तरदायित्व स्वयम् व्यक्तिले नै लिनुपर्दछ भन्ने अस्तित्ववादी मान्यता यहाँ पूर्णतः लागु भएको छ । सोह्र वर्षका उमेरमा इन्द्रमायाले लिएको प्रथम निर्णय रतिरागात्मक स्वाभाविक सुखेच्छाको तृप्ति त हुँदै हो, त्यो भन्दा बढी उसको अहंद्वारा निर्देशित निर्णय हो भन्दा समिचीन हुन्छ । ऊ नारी स्वतन्त्रताको पक्षमा सुरुदेखि नै लागेकी हो । उसको अस्तित्ववादी चेतना महत्त्वपूर्ण कारक बन्यो, प्रथम निर्णयका लागि । "कथा जगतमा अन्तश्चेतनामूलक यथार्थवाद र रतिरागात्मक प्रवृत्तिका प्रवर्तक कोइराला नेपाली साहित्यमा यौनवादले पूर्ण प्रतिष्ठा जमाइसकेको समयमा उपन्यासकारका रूपमा उपस्थित भएका हुँदा उनले यौनलाई केन्द्रीय चेतनाका रूपमा लिएर त्यसलाई चिन्तनका विभिन्न सन्दर्भममा राखी कम केलाउनु उनको साहित्यिक विकासकै परिचायक छ" (उपाध्याय, २०५०,पृ. २७४)।

इन्द्रमायाले पच्चिस वर्षको उमेरमा दोस्रो निर्णय गरी, यो निर्णय कथित सामाजिक मर्यादा र नैतिकताका विरुद्धमा छ । पीताम्बरलाई व्यवस्थाविरोधी गतिविधिमा संलग्न भएको आरोपमा जेल चलान गरिन्छ । तत्पश्चात् रमेशसँगको सान्निध्यले उसमा अन्तर्निहित सहज इच्छाहरू सल्बलाउन थाल्छन् । रमेशसँग रतिरागात्मक सम्बन्ध कायम गर्नुअघि उसलाई मन र शरीर एवम् देह र आत्माको पवित्रताको प्रश्नले सताइरहन्छ । मन पवित्र राखेर परपुरुषसँग शारीरिक सम्बन्ध कायम राख्नु पाप हो वा शरीर चोखो राखेर मन कलुषित गर्नु पाप हो ? के हो पाप र पूण्य ? यस विषयमा उपन्यासकार लेख्छन्, "इन्द्रमायाले पनि यो भन्न सक्दिन कि प्रेमको मूल तत्त्व के हो ? आत्मा कि शरीर?" (कोइराला २०५८,पृ.४२) । उनी अगाडि लेख्छन् "जब आस्थाको आत्मा नै मृत भइसकेको थियो भने शरीरले मात्र आफ्नो आस्थालाई यसरी टेवा दिइराख्नु के एउटा वञ्चना होइन ? केवल एउटा आडम्बर होइन र ?" (कोइराला, २०५८,पृ.४२) । मर्यादा र नैतिकताको बन्धन तोडेर इन्द्रमायाको स्वतन्त्र निर्णयले रमेशलाई वरण गर्यो । यो निर्णयमा सार्त्रेलीअस्तित्ववाद र फ्रायडीयन यौनवाद उत्तिकै प्रभावशाली देखिन्छन् । यहाँनिर समालोचक इन्द्रबहादुर राईको टिप्पणी उदाहरणीय छ । उनी लेख्छन् 'तीन घुम्ती' मा स्पष्ट कति अस्तित्ववादी धारणा प्रयुक्त छन्, सँगै फेरी साँच्चै जीवतात्त्विकतामा आग्रह छ - यी के गरी मिल्न सक्लान संसय रूङ्छौँ । नारी प्रकृतिप्रति सत्यधृति इन्द्रमायाको मूलभूत प्रयोजना भएर पछिका निर्णयहरू त्यसैका सम्मोदन हुँदा यी फेरि स्वतन्त्र देखिन्छन् । आफूलाई नारी-प्रकृति वस्तुरूप हेर्नु चाहिँ समुचित आस्तित्विक दृष्टि हुँदैन । अस्तिता र जैविकता लेखकले गाँस्नु हुँदैन" (राई, २०५०, पृ. १७०) ।

सत्ताइस वर्षको उमेरमा इन्द्रमायाले तेस्रो निर्णय गरी पति परित्याग । रमेशसँगको सहवासबाट इन्द्रमायाले एउटी छोरीलाई जन्म दिई जसको नाम छ रमा । पीताम्बर जेलमुक्त भयो, उसले सबै कुरा

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

थाहा पायो र रमालाई रमेशका जिम्मा लगाएर मात्र आफूसँग रहनुपर्ने नत्र आफूलाई परित्याग गरी छोरी लिएर जानुपर्ने फैसला इन्द्रमायालाई सुनायो । इन्द्रमायाको जीवनमा अर्को चुनौतीपूर्ण क्षण उपस्थित भयो । वास्तवमा इन्द्रमाया पति र सन्तान दुबैका साथ सँगै बस्न चाहन्थी । तर पीताम्बरको पौरुष अहंले त्यसमा वाधा उत्पन्न गर्यो । उसले के रोज्ने पीताम्बर वा रमा, पति या सन्तान, प्रिया या छोरी । इन्द्रमाया प्रेमिका भई, पत्नी भई, अब के हुने पुन: पत्नी या आमा । उसका अघिल्तिर प्रियातत्त्व र मातातत्त्वमध्ये एकलाई वरण गर्नुपर्ने स्थिति देखापर्यो । उसमा मातृवात्सल्य चुलिदै गयो, पितृसत्तात्मक समाजप्रति घृणा उत्पन्न भयो । उसलाई नारी अस्तित्वको चेतनाले ब्युँतायो । प्रेमिका र पत्नीपछिको मातृत्वको भोकले उसलाई घच्घच्चायो । उसले जीवनको तेस्रो निर्णय गरी, मातृत्वको भूमिका स्वीकार गरी र पतिगृह परित्याग गरी । "इन्द्रमाया सामान्य नारी होइन । उसले गरेका जीवन निर्णयका लागि इन्द्रमायालाई साहसी मान्नुपर्छ । यसलाई आफ्ना पतिका अधीनमा शासित भएर बस्ने अबला नारीभन्दा उपल्लो अस्तित्व प्राप्त गर्ने असामान्य नारीको स्थान दिन सकिन्छ । यही अवस्थाको समर्थनका लागि कोइरालाले 'तीन घुम्ती' उपन्यास लेखेका हुन् " (शर्मा, २०५१,पृ.२३९)।

इन्द्रमायालाई आफ्ना निर्णयप्रति रत्तिभर क्लेष छैन । साथै त्यसको परिणामलाई पनि उसले सहजै स्वीकारेकी छ । वास्तवमा ऊ सामान्य नारी भएकी भए छोरी रमालाई रमेशका जिम्मा लगाएर स्वामीकै घरमा बस्न सक्थी वा छोरीलाई लिएर रमेशको ढोका ढक्ढक्याउन सक्थी । तर उसले पौरुष अहंका अघिल्तिर घुँडा टेकिन । उसले पीताम्बरलाई मात्र परित्याग गरिन, सिङ्गै सामाजिक स्थितिलाई चुनौती दिई, नारी अस्मिताको शङ्खघोष गरी । अतः इन्द्रमाया अस्तित्व र यौनको धुरीबाट निर्मित विशिष्ट चरित्र हो । "पति गृहत्याग इन्द्रमायाको स्थानापन्न सुखको छनोट हो - विकल्प, जसलाई फ्रायडको भाषामा प्रतिगमन गर्नु भनिन्छ । यसरी इन्द्रमाया अहं र कामवृत्तिका दुई पुञ्जभित्र आलोडित, विकसित र प्रत्याहारित नारीको रूपमा हामी सामु सृष्ट छे " (प्रधान, २०५२ ,पृ.३६७) ।

'तीन घुम्ती' उपन्यासलाई सार्त्रको अस्तित्ववादी सिद्धान्त र फ्रायडको यौनवादी मान्यताका साँचामा ढालिएको छ तर यसमा यौनवाद भन्दा व्यक्तिका स्वतन्त्रतालाई स्थापित गर्ने प्रयत्न बढी गरिएको छ । विषयवस्तुको आधारभूमिका रूपमा दुबै सिद्धान्तलाई छनौट गरिएको भए पनि इन्द्रमायाका स्वतन्त्र निर्णय, जीवनका घुम्ती वा नारी अस्तित्वको स्थापनाको प्रयत्न सार्त्रेली अस्तित्ववादबाट अनुप्राणित भएर जीवन्त बनेका छन् । भूपति ढकाल 'कमल' लेख्छन्,

*“अस्तित्ववादी विचारको विशुद्ध प्रयोग भएको देखिने कोइरालाको 'तीन घुम्ती' भित्र जीवन छ, यथार्थ छ अनि रहर, आवेश समस्या जस्ता मनोवैज्ञानिक पक्षहरू पनि अभिव्यक्त छन् तापनि ती सबै उपन्यासको मूल स्वरका अगाडि गौण देखा पर्छन् । सबैभन्दा बढी त आज विश्वसाहित्यमा चर्चित हुन पुगेको अस्तित्ववादी विचारको प्रयोगपरक व्याख्या 'तीन घुम्ती' मा स्पष्ट रूपमा पाइन्छ । यो नै यस*

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

*उपन्यासको सर्वाधिक महत्त्वपूर्ण पक्ष हो, यसको आधारभूत विचार हो" (ढकाल, 'कमल' २०५६, पृ. २६०) ।*

पैँतालिस वर्षको प्रौढ उमेरमा पुगेकी इन्द्रमायाले आफ्नो अतीतको उत्खनन गरी । उसकै स्मृतिहरूले 'तीन घुम्ती' उपन्यासमा कलात्मक आवरण प्राप्त गरेका छन् । यसरी उपन्यास पूर्वदीप्तिको शैलीमा संरचित छ । सङ्क्षिप्त संरचना, क्षीण कथानक र पात्रीय अल्पता उपन्यासको विशेषता बन्न पुगेको छ । वैचारिक उपन्यास भएकोले विषयवस्तुको सुगठितताभन्दा चरित्रचित्रणलाई महत्त्व दिइएको छ । प्रमुख पात्र इन्द्रमायाले लिएका तीन ओटा महत्त्वपूर्ण निर्णयहरू नै उसका जीवनका तीन घुम्तीहरू हुन्, जसबाट शीर्षकको चयन गरिएको छ । शीर्षक सार्थक बन्न पुगेको छ । औपन्यासिक कथ्यलाई सूत्रात्मक रूपमा सङ्केत गर्न शीर्षक समर्थ भएको छ । सहरिया परिवेशमा संरचित उपन्यासमा संवादप्रयोगका कारण नाटकीय स्थितिको सिर्जना भएको छ । पात्रीय जीवनका व्यथा, विफलता, व्यर्थता र विघटनकारी जीवनवृत्तान्तहरूलाई नियतिको जिम्मा लगाइदिने सजिलो परिपाटी उपन्यासकार कोइरालाले यस उपन्यासमा पनि अवलम्बन गरेका छन् । बौद्धिक एवम् सैद्धान्तिक उपन्यास भएकोले विषयको गहनतालाई प्रस्तुत गर्न उपन्यासको भाषाशैली पनि उपल्लो स्तरको तार्किक र बौद्धिक रहेको छ । भाषाको प्रयोगमा पात्रीय स्तरलाई पनि ख्याल गरिएको छ । इन्द्रमायाकै चरित्र र व्यवहार वरिपरि अन्य पात्रहरूको निर्मिति भएकोले ऊ उपन्यासको केन्द्रीय एवम् सबल चरित्र हो । यसै पात्रका माध्यमबाट औपन्यासिक कथ्य प्रस्तुत गरिएको छ । यो उपन्यास रचनाको मूल आधार अस्तित्ववाद र मनोविश्लेषणवाद बन्न पुगेको छ ।

## निष्कर्ष

आधा दर्जन उपन्यास रचना गरेर नेपाली उपन्यासलाई समृद्ध बनाउने उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक प्रवृत्ति केलाउने र उनको 'तीन घुम्ती' उपन्यास रचनाको आधार पहिल्याउने दिशामा लेख केन्द्रित रहेको छ । उपन्यासकार कोइरालाका उपन्यासहरूमा यौनमनोविश्लेषण, विसङ्गतिवाद, अस्तित्ववाद, मिथक, मानवतावाद आदि विविध विषयको प्रयोग भएको छ । त्यसैले उनी मनोविश्लेषणवादी, विससङ्गतिवादी, अस्तित्ववादी, मानवतावादी र मिथकीय पुनः सिर्जनका उपन्यासकार हुन् । उनका उपन्यासमा द्वन्द्वको प्रबलता, कथावस्तुको क्षीणता, भाषिक तार्किकता पाइन्छ । उनको 'तीन घुम्ती' उपन्यासले मान्छेको जीवनमा अहंको भूमिका, अस्तित्वको प्रश्न एवम् यौनावेगको प्रभावलाई बडो जीवन्त ढङ्गले चित्रण गरेको छ । अचेतनमा दमित वासनाका रूपमा रहने यौनेच्छाले मानिसलाई परिचालित गर्दछ र त्यसको सहज निकास आवश्यक छ अन्यथा मानिस असामान्य बन्न पुग्दछ भन्ने फ्रायडीयन यौन मनोविश्लेषणवादको प्रयोगलाई उपन्यासको प्रमुख पात्र इन्द्रमायाका जीवनका घुम्ती वा निर्णयहरूले स्थापित गरेका छन् । समाजको प्रचलित रीतलाई उलङ्

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025

घन गर्दै पर्वते पीताम्बरलाई रोज्नुमा र पीताम्बरको जेलजीवनपश्चात् रमेशसँग यौन सम्बन्ध स्थापना गर्नुमा यही मान्यताले काम गरेको छ । उसले अचेतनमा रहेको अतृप्त यौनेच्छालाई त्यसरी शमन गरेकी छ । त्यसै गरी मान्छेको जीवनमा सारभन्दा अस्तित्व अग्रगामी छ मन्ने जाँ पाल सार्त्रको अतित्ववादी दर्शनका मार्गमा उपन्यास डोरिएको छ । इन्द्रमायाले पारिवारिक र सामाजिक मान्यताहरूको डोरी चुडाउँदै आफ्नो इच्छालाई सर्वोपरि बनाएर पीताम्बरलाई वरण गर्नु उसभित्रको आस्तित्विक चेत प्रबल भएर नै हो । त्यसै गरी आफूसँगको सम्बन्धलाई  बरकरार राख्ने हो भने छोरी रमालाई त्याग्नुपर्ने पीताम्बरको पौरुषीय प्रभुत्ववादी विचारलाई उसले खारेज गरिदिएकी छ र प्रिया र  पतितत्त्वलाई भन्दा  मातृ वात्सल्यलाई उच्च प्राथमिकता दिएकी छ । उसको जीवनका तीन घुम्ती (मोड) हरू भन्नु नै उसका तीन महत्त्वपूर्ण निर्णयहरू हुन् । जसलाई उसले सहजै वरण गरेर व्यक्ति अहं, स्वतन्त्रता र अस्तित्वको अभेद्य किल्ला निर्माण गरेकी छ । त्यसैले सार्त्रले भने जस्तै उसले स्वतन्त्र निर्णय गरेकी छ र त्यसको परिणामको जवाफदेही पनि स्वयं बनेकी छ । उसले गरेका मनचाह निर्णयले व्यक्तिमूल्य र स्वतन्त्रताको गीत गाएका छन् । अतः 'तीन घुम्ती' उपन्यास रचनाको आधार भनेको अस्तित्ववादी  र फ्रायडवादी दर्शन नै हुन् । तिनलाई स्थापित गर्ने उद्देश्यका साथ यस उपन्यासको रचना भएको छ ।

## सन्दर्भ सूची


उपाध्याय, केशवप्रसाद (२०५८). *विचार र व्याख्या.* (दोस्रो संस्करण). साझा प्रकाशन ।

कोइराला विश्वेश्वरप्रसाद (२०५८). *मोदिआइन.* (पाँचौ संस्करण). साझा प्रकाशन ।

.....................................(२०६१) . *नरेन्द्र दाइ.* (छैटौँ संस्करण). साझा प्रकाशन ।

..................................... (२०५८) . *तीन घुम्ती.* (सातौं संस्करण). साझा प्रकाशन ।

घर्ती, दुर्गाबहादुर (२०६७). *मनोविश्लेषणात्मक नेपाली उपन्यासमा पात्र विधान.* साझा प्रकाशन ।

ढकाल, भूपति 'कमल' (२०५६) . *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष.* जय नेपाल प्रकाशन ।

पेज, जेम्स डी. (सन् १९४७) .*अब्नर्मल साइकोलोजी.* एमसी ग्र–हिल बुक कम्पनी ।

प्रधान, कृष्णचन्द्रसिंह (२०५२) . *नेपाली उपन्यास र  उपन्यासकार.* (तेस्रो संस्करण). साझा प्रकाशन ।

फोलर, रोजर (सम्पा.) (सन् २००५). *अ डिक्सनरी अफ मडर्न क्रिटिकल टर्मस.* (एघारौँ संस्करण). रूटलिज ।

बराल, कृष्णहरि र नेत्र एटम (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास.*  (दोस्रो संस्करण). साझा प्रकाशन ।

ISSN : 2773-790X JOURNAL OF GURUBABA VOL. 7 NO.1 NOVEMBER 2025


ब्राउन, जे. एफ (सन् १९४०). *दि साइकोडाइनामिक्स अफ अब्नर्मल बिहेभिअर.* एमसी ग्र–हिल बुक कम्पनी ।

भट्टराई, श्यामप्रसाद (२०७८). *नेपाली आख्यान र नाटक.* जुपिटर प्रिन्टिङ एण्ड पब्लिसिङ प्रा.लि. ।

भन्डारी, कृष्णप्रसाद (२०५६). *फ्रायड र मनोविश्लेषण.* साझा प्रकाशन ।

मल्ल, महेन्द्रकुमार (२०६२). *भाषाविज्ञान र पूर्वीय एवम् पाश्चात्य साहित्य सिद्धान्त.* भुँडीपुराण प्रकाशन ।

...................................... (२०७२). *विश्वेश्वरप्रसाद कोइरालाका औपन्यासिक कृतिहरू.* पाटन बुक सप ।

राई, इन्द्रबहादुर (२०५०). *नेपाली उपन्यासका आधारहरू.* (दोस्रो संस्करण). साझा प्रकाशन ।

रेग्मी, मुरारीप्रसाद (२०५०). *मनोविश्लेषणात्मक समालोचना* (उपन्यास खण्ड). साझा प्रकाशन

वल्म्यान, बेन्जामिन बि (सन् १९६५). *कन्टेम्पोरेरी थ्योरिज एण्ड सिस्टम इन* साइक्लोजी. (दोस्रो संस्करण). हार्पर एन्ड रो ।

शर्मा, हरिप्रसाद (२०५१). विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मानवनियति र अस्तित्व द्वन्द्व. *गरिमा,* समालोचनात्मक विशेषाङ्क, वैशाख. २०५१ ।